नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

सिंहदरबार, काठमाण्डौं

प.सं.:२०७६/७७
च. नं.: ६५

मितिः २०७६।०६।०७

बिषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह (सवै)

प्रस्तुत बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०७६/७७, च नं. पू.वि.६२/१४७६, मिति २०७६/०५/२५ को पत्रसाथ प्राप्त डेङ्गु रोग नियन्त्रण सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६/०५/२४ को निर्णयको छाँया प्रति यसैसाथ संलग्न गरी आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा
- मन्त्रालयको website मा upload गरिदिनुहुन ।

(कमल प्रसाद दाहाल)
शाखा अधिकृत

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

अत्यन्त जरुरी

सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :- आ.वि. ०७६/०७६
च.न. :- क्र.वि. ६२१ १४७६

मिति :- २०७६/०५/२५

श्रीमान् प्रमुखज्यू, काठमाडौं महानगरपालिका, बागदरवार, काठमाडौं।
श्रीमान् प्रमुखज्यू, ललितपूर महानगरपालिका, पूल्चोक, ललितपूर।
श्रीमान् सचिवज्यू, गृह मन्त्रालय, सिंहदरवार, ।
श्रीमान् सचिवज्यू, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार।
श्रीमान् सचिवज्यू, शहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं।
श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं।
श्रीमान् सचिवज्यू, रक्षा मन्त्रालय, सिहदरवार, काठमाडौं।
✓श्रीमान् सचिवज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार,काठमाडौं।
श्रीमान् प्रहरी महानिरीक्षकज्यू, नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।
श्रीमान् प्रहरी महानिरीक्षकज्यू, ससस्त्र प्रहरी बल प्रधान कार्यालय, हल्चोक ।
श्रीमान प्रमुखज्यू कागेश्वरी मनोहरा/ गोकर्णेश्वर/ बुढानिलकण्ठ/दक्षिणकाली/ नागार्जुन/ तार्केश्वर/शंखरापुर/टोखा/ चन्द्रागिरी/ किर्तिपुर/ महालक्ष्मी/ गोदावरी / मध्यपुर ठिमी /भक्तपूर / सूर्यविनायक/ चांगुनारायण नगरपालिका।

बिषय :- निर्णय कार्यान्वयन सम्वन्धमा ।

प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयमा डेंगु रोगको प्रकोप नियन्त्रण सम्बन्धमा मिति २०७६/०५/२४ गते सम्पन्न भएको वैठकको निर्णय कार्यान्वयनको लागि यसै पत्र साथ सम्लग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध गर्दछु।

(श्यामं कुमार खड्का)
शाखा अधिकृत

श्री कमल जी,
स्थानीय तहलाई परिपत्र गर्नु

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

डेङ्गु नियन्त्रणका लागि मिति २०७६ भाद्र २४ गते सम्पन्न भएको वैठकको निर्णयहरु

१ व्यापक रुपमा फैलिएको डेङ्गु रोग नियन्त्रणका लागि स्थानीय तहले गैह्र सरकारी संस्था, टोल सुधार संस्था र अन्य सामाजिक संस्थाहरु समेत परिचालन गरी प्रत्येक टोल र घरमा पुगि सचेतना कार्यक्रम सञ्चालन गर्ने । यस कार्यका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश तथा स्थानीय तह र सवै सुरक्षा निकायका विशेषज्ञ सहितको टोली खटाउने ।

२ डेङ्गु रोग सार्ने लामखुट्टे र सो को लार्भा नियन्त्रणका लागि पानी जम्ने खुल्ला स्थानहरु पुर्ने र डेङ्गु अति प्रभावित क्षेत्रमा डेङ्गु नियन्त्रणका लागि सामुदायिक प्रहरी लगायत सवै सुरक्षा निकाय र राष्ट्रसेवक कर्मचारी तथा स्थानीय तहका पदाधिकारीहरु परिचालित गर्ने । यस कार्यको समन्वय सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले गर्ने ।

३ डेङ्गु रोग नियन्त्रणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सवै स्थानीय तहले विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

४ डेङ्गु रोग, सो को प्रकृति, असर र नियन्त्रणका लागि स्वास्थ्य मन्त्रालयले सूचना र विवरण सहित प्रचार सामाग्री तयार गरी सवै स्थानीय तहलाइ उपलव्ध गराउने । स्थानीय तहले विभिन्न भाषामा विभिन्न सञ्चार माध्यवाट जिङ्गल लगायतका श्रव्य र दृष्य सामाग्री तयार गरी व्यापक रुपमा प्रकाशन तथा प्रशारण गर्ने ।

५ रोगवाट अति प्रभावित क्षेत्रमा स्वास्थ्य मन्त्रालयको समन्वयमा मानव स्वास्थ्यमा न्यूनतम क्षति हुने गरी मन्त्रालय, प्रदेश र स्थानीय तहले औषधीको आवश्यक व्यवस्था गर्ने ।

६ स्वास्थ्य मन्त्रालयले डेङ्गु रोग प्रभावित क्षेत्रमा रोग नियन्त्रणमा नआएसम्म प्रत्येक स्थानीय तहमा रोग परिक्षण गर्ने उपकरण सहित आवश्यक दक्ष जनशक्ति परिचालन गर्ने ।

७ डेङ्गु प्रभावित व्यक्तिहरुको समयमा नै उपचार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सवै सरकारी र निजीक्षेत्रका स्वास्थ्य संस्थालाइ पूर्ण रुपमा परिचालन गर्ने ।

८ कुनै स्थानमा प्रकोपको रुपमा रोग फैलिएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा सवै स्थानीय तहले द्रुत प्रतिकार्य टोली परिचालन गर्ने ।